# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।०२ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला डोटी, बडीकेदार गाउँपालिकाले आ.व. २०७७/७८ मा प्रकशित ठेक्का नं. १/०७७/०७८ बमोजिमको ठूलीगाड र कापडीगाडको बगर क्षेत्रवाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन सम्वन्धी राजस्व रकम सङ्कलन नगरी हिनामिना हानिनोक्सानी गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बडीकेदार गाउँपालिकाका अध्यक्ष कृष्ण बहादुर चन्दसमेतका प्रतिवादीहरूको आपसी मिलेमतो तथा योजनामा **आ.व. २०७७/७८** मा गाउँपालिकाबाट बगेर जाने ठूलीगाड र कापडीगाडको बगर क्षेत्रवाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खननबाट ४५,०८४.६२ घन मिटर परिमाण उत्खनन गर्न सकिने जसबाट रू.७५ प्रति घनमिटरको दरले गाउँपालिकालाई १ वर्षमा रू.३३,११,३४६.८० बराबरको राजस्व सङ्कलन गर्न सकिने भनी IEE प्रतिवेदन रहेको जानकारी हुँदाहुँदै नेपाल सरकारबाट जारी ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड विपरीत परिमाण यकिन नै नगरी मिति २०७७/०६/०६ गतेको कार्यपालिका बैठकबाट बिना आधार कारण संकलन गर्न सकिने राजस्व रकम रू.३३,११,३४६।८० बाट अस्वाभाविक घटाई घटाउन लगाई न्यूनतम ठेक्का अंक रू.७,००,०००/- मात्र कायम गरी दरभाउपत्र आव्हान गर्ने निर्णय गरी गराई ठेक्काको सूचना राष्ट्रिय तथा प्रदेशस्तरको दैनिक पत्रिकामा प्रकाशन नगरी नगराई प्रथम पटक १५ दिने सूचना कार्यालयको सूचना पाटीमा मात्र प्रकाशन गरेकोमा प्रतिस्पर्धा संकुचन भई उक्त १५ दिने ठेक्का सूचना बमोजिम कुनै पनि फर्महरूबाट सिलबन्दी दरभाउपत्र पेस नभएको र पुनः अस्वभाविक न्यून रू.३,००,०००/- कायम गर्ने गरी गाउँकार्यपालिकाबाट मिति २०७७/०७/२३ गते निर्णय गराई दोस्रो पटक ३ दिने सूचना प्रकाशन गरेको उक्त ३ दिने ठेक्का सूचनामा पनि कुनै पनि फर्महरूबाट सिलबन्दी दरभाउपत्र पेस नभएकोमा पुनः अस्वाभाविक न्यून रू.२,००,०००/- कायम गर्ने र सूचना अवधि ३ दिन राखी प्रकाशन गर्ने गरी गाउँकार्यपालिकाबाट मिति २०७७।०८।०८ गते निर्णय गरी गराई पूर्वयोजना बमोजिम अति न्यून मूल्यमा ठेक्का दिने प्रपंच मिलाई सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ लगायतको प्रचलित कानुनको प्रतिकूल हुने गरी सूचना प्रकाशन गराई सोही बमोजिम उक्त ठेक्कामा प्रतिस्पर्धा भएको देखाउने गरी ३ वटा नै फर्म उल्लेख गरी भागरथी निर्माण सेवा धनगढी कैलालीले कवोल गरेको दररेट सवैभन्दा बढी भएकोले निज व्यक्ति/फर्मसँग सम्झौता गर्न मनासिव देखिन्छ भनी बदनियतपूर्वक गलत सिफारिस/प्रतिवेदन दिए दिन लगाई भागरथी निर्माण सेवा, धनगढी-५ कैलालीबाट सूचनाको शर्त बमोजिमको परफरमेन्स बोण्ड वा रकम दाखिला नगराई मिति २०७७/९/१ गते देखि २०७८ जेठ मसान्तसम्म सम्झौता कायम रहने गरी मासिक रू.२,०८,०००/- का दरले सम्झौता गरे गराएको, सम्झौता पत्रमा उल्लिखित रकम मिति २०७७/०९/०१ गतेदेखि मिति २०७८ जेठ मसान्तसम्मको ६ महिनाको हुन आउने रकम रू.१२,४८,०००/- र नेपाल सरकारलाई भ्याट बापतको रकम रू.१,६२,२४०/- गरी कुल रकम **रू.१४,१०,२४० (चौध लाख दश हजार दुई सय चालीस रूपैयाँ)** सम्झौता गरी कबोल गरेको राजस्व रकम हालसम्म पनि राज्य कोषमा दाखिला नगरी नगराई सार्वजनिक संस्था/बडीकेदार गाउँपालिकासमेतको सार्वजनिक सम्पत्ति हिनामिना हानिनोक्सानी गरे गराएको देखिंदा निज प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा १९ को उपदफा (२) बमोजिमको कसुर भएको हुँदा देहायका

प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बडीकेदार गाउँपालिका, डोटीका तत्कालीन अध्यक्ष **कृष्ण बहादुर चन्द** | **रू.१४,१०,२४०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. चौध लाख दश हजार दुई सय चालीस रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| २. | बडीकेदार गाउँपालिका, डोटीका तत्कालीन उपाध्यक्ष **इन्द्रा कुमारी बोहरा** | **रू.१४,१०,२४०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. चौध लाख दश हजार दुई सय चालीस रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | बडीकेदार गाउँपालिका, डोटीका तत्कालीन निमित्त प्रमुख प्रशासकीय **अधिकृत दिपक राज जैशी** | **रू.१४,१०,२४०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. चौध लाख दश हजार दुई सय चालीस रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन तथा गलत प्रतिवेदन/सिफारिस गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुनसमेत |

| | | | |
|---|---|---|---|
| | | | मागदाबी लिइएको छ। |
| ४. | बडीकेदार गाउँपालिका, डोटीका लेखापाल **युवराज भट्ट** | **रू.१४,१०,२४०** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. चौध लाख दश हजार दुई सय चालीस रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन मागदाबी लिइएको छ। |
| ५. | बडीकेदार गाउँपालिकाका तत्कालीन शिक्षा अधिकृत **विवेक देउवा** र सब-इन्जिनियर **दान बहादुर पछेरा** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | **भागरथी निर्माण सेवा, धनगढी, कैलाली** तथा सोको सञ्चालक **पशुपति जोशी** र अख्तियार प्राप्त व्यक्ति **केशव बहादुर बम** | रू.१४,१०,२४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसूरदारलाई सोही ऐनको दफा १७ बमोजिमको कसूरमा बिगो रू. चौध लाख दश हजार दुई सय चालीस रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संसोधन सहित) को दफा ३ को उपदफा (१) देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने